आज मिति २०८३ साल बैशाख १० गते दिनको १० : ०० बजे सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८२/०८३ को बाह्रौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा.नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनवीर वुढा | सहायक प्रशासकीय अधिकृत | |
| २ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गण बहादुर थापा | सहयोगी | गण बहादुर |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## बाह्रौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।

२. प्रदेश विशेष र समपुरक अनुदान छनौट तथा प्रस्ताव पेश सम्बन्धमा ।

३. रोल्पा कला-साहित्य प्रतिष्ठानको प्रस्ताव सम्बन्धमा ।

४. शासकीय सुधारको कार्यसूची कार्यान्वयन सम्बन्धमा ।

५. विविध छलफल सम्बन्धमा ।

## २०८३ बैशाख १० गते बसेको बाह्रौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका बैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो । कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | प्रदेश विशेष र समपुरक अनुदान छनौट तथा प्रस्ताव पेश सम्बन्धमा । | प्रदेश समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन गरिने आयोजना तथा कार्यक्रमका लागि प्रस्ताव पेश गर्न आवश्यक रहेको । | लुम्बीनी प्रदेश योजना आयोग राप्ती उपत्यका (देउखुरी), नेपालको मिति २०८२/१२/२७ गतेको प्रदेश विशेष अनुदानतर्फका योजना/कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धीको परिपत्र र आर्थिक मामिला तथा योजना मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपालको मिति २०८२/१२/२७ गतेको आ.व. २०८३/०८४ का लागि प्रदेश समपूरक अनुदानका आयोजनाको प्रस्ताव पेश गर्ने सम्बन्धी परिपत्र बमोजिम प्रदेश समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन गरिने तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने ।<br>तपसिल<br>**१) समपुरक आयोजना तर्फ :-**<br>क) वृहत राज्य पोखरी सिचाई योजना वडा नं. ७<br>ख) मा.वि भवन निर्माण योजना वडा नं. ५<br>**२) विशेष अनुदान तर्फ :-**<br>क) ८ नं. वडा कार्यालय र ४ नं. वडा कार्यालय भवन निर्माण ।<br>ख) सुनिलपार्क निर्माण योजना । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | रोल्पा कला-साहित्य प्रतिष्ठानको प्रस्ताव सम्बन्धमा । | रोल्पा कला-साहित्य प्रतिष्ठानबाट सहकार्य तथा आर्थिक सहयोग सम्बन्धमा प्रस्ताव पेश भएको । | रोल्पा कला-साहित्य प्रतिष्ठानको मिति २०८२/१२/२१ गतेको पत्रानुसार नेपाल संगित तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजना र रोल्पा कलाप साहित्य प्रतिष्ठानको सह-आयोजनामा मिति २०८३ बैशाख १९ र २० गते थबाङ गाउँपालिका -२, थबाङ रोल्पामा **"प्रगतिशील संगीत उत्सव-२०८३"** सञ्चालन गर्नका लागि सहकार्य तथा आर्थिक सहयोगको प्रस्ताव पेश भई आएको हुदाँ सहयोग स्वरुप विविध खर्च शिर्षकबाट रु १०००००।- (अक्षरुपी एक लाख रुपैया मात्र) उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | शासकीय सुधारको कार्यसूची कार्यान्वयन सम्बन्धमा । | नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरु अन्तर्गत स्थानीय तहहरुले कार्यान्वयन गर्नुपर्ने बुदाँहरु कार्यान्वयन गर्ने । | नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरु अन्तर्गत बुदाँ नं.५ र बुँदा नं. ९२ कार्यान्वयन र आवश्यक व्यवस्था मिलाउनु भनि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२ चैत्र २४ गतेको पत्रानुसार उक्त बुदाँहरु कार्यान्वयन तथा आवश्यक व्यवस्था मिलाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>**क)** सर्वोच्च अदालत काठमाण्डौबाट जारी भएको अदालतको अवहेलना सम्नब्धी मुद्दाको लिखित जवाफ पेश गर्नका लागि प्रतिनिधि तोक्ने सम्बन्धमा ।<br>**ख)** निर्णय अनुमोदन सम्बन्धमा । | **क)** सर्वोच्च अदालत काठमाण्डौबाट मिति २०८२।११।२८ गते सुनिलस्मृति गाउँ कार्यपालिकाको कार्यालय सुलिचौर रोल्पा, सुनिलस्मृति गाउँपालिका अध्यक्ष, मणिराम बुढाथोकी विपक्षि बनाई अदालको अवहेलना मुद्दा जारी भएको म्याद सूचना बमोजिम लिखित जवाफ तथा कानुन बमोजिमको कार्य गर्नका लागि प्रशासन शाखा प्रमुख श्री रनवीर बुढालाई तोकि पठाउने ।<br><br>**ख)** मिति २०८२ चैत्र २७ गते बसेको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ को दफा १४ को उपदफा (१) बमोजिम स्वःमूल्याङ्कन समितिको निर्णयलाई अनुमोदन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।<br><br>"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | ग) स्थानीय आर्थिक गणना समन्वय समिति गठन सम्बन्धमा । | ग) राष्ट्रिय आर्थिक गणना सञ्चालनसम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड-२०८२ को दफा १७ बमोजिम तपसिल बमोजिमको स्थानीय आर्थिक गणना समन्वय समिति गठन गर्ने ।<br>तपसिल<br>१) गाउँपालिका अध्यक्ष -संयोजक<br>२) गाउँपालिका उपाध्यक्ष -सदस्य<br>३) सुनिलस्मृति गाउँपालिका उद्योग वाणिज्य संघ संयोजक -सदस्य<br>४) ईप्रका सुलिचौर प्रमुख -सदस्य<br>५) प्रशासन शाखा प्रमुख -सदस्य-सचिव | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

भगिराम बुढाथोकी
अध्यक्ष